नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः ९१** **मितिः २०८३।०४।३० गते**

**भाग – २**

नौगाड गाउँपालिका बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८३

कार्यपालिकामा पेश मितिः २०८३।०३।२९ गते
कार्यपालिकाबाट पारित मितिः २०८३।०३।२९ गते
प्रमाणिकरण मितिः २०८३।०३।२९ गते
राजपत्रमा प्रकाशित मितिः २०८३।०४।३० गते

**प्रस्तावनाः** कृषियोग्य जमिनलाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गरी अधिकतम उपयोग गर्न, कृषि पर्यटन प्रवर्धन सम्बन्धी विविध योजना कार्यान्वयन गर्न, कृषि व्यवसायबाट स्वरोजगारी सिर्जना गर्न, सम्भावित भोकमरी कुपोषण व्यवस्थापन गर्न, पोषण, खाद्य सुरक्षा खाद्य सम्प्रभुत्तालाई प्रवर्धन गर्न आवश्यक रहेकोसाथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ण) बमोजिम कृषि र कृषि उत्पादन व्यवस्थापन स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र पर्ने हुनाले नौगाड गाउँपालिका क्षेत्रमा बाँझो जग्गाको उपयोग समेत हुने गरी व्यवस्थापन गर्न स्थानीय नीति तथा कानुन बाञ्छनीय भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम “नौगाड गाउँपालिका बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८३” रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) “अनुदान” भन्नाले बाँझो जमिन व्यवस्थापन गर्नको लागि सम्पन्न गरिने कुनै पनि प्रकारको कृषिजन्य क्रियाकलाप

वापत कृषकलाई दिइने रकम वा औजार, उपकरण सम्झनुपर्छ ।

(ख) “अन्नबाली” भन्नाले धान, मकै, गहुँ, कोदो, जौ, फापर आदि सम्झनु पर्छ ।

(ग) “कृषक” भन्नाले कुनै पनि खेती गर्न चाहने व्यक्ति, कृषि समूह, कृषि उद्यमी, कृषि फर्म, जल तथा सिंचाइ उपभोक्ता

समूह तथा सहकारी समूहलाई सम्झनु पर्छ ।

(घ) “चरन विकास” भन्नाले वस्तुभाउको आहारको लागि उत्पादन गरिने आहार, घाँस आदि सम्झनुपर्छ ।

(ङ) “तरकारी” भन्नाले आलु, फर्सी, तितेकरेला, घिरौला, टमाटर, काउली, बन्दा, प्याज, हरियो मटर, कोसा सिमी

लगायतलाई सम्झनुपर्छ ।

(च) “दलहन” भन्नाले मास, भटमास, बोडी, मसुरो, मस्याम आदि सम्झनु पर्छ ।

(छ) “नगदे बाली” भन्नाले ऊखु चिया, कफी, अलैंची, अम्लिसो आदि सम्झनु पर्छ ।

(ज) “ गाउँपालिका” भन्नाले नौगाड गाउँपालिका सम्झनुपर्छ ।

(झ) “अध्यक्ष” भन्नाले नौगाड गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

नौगाड गाउँपालिका बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८३”

 प्रमुख प्रशासकीय अधिकृत 

(ञ) "पशुपन्छीपालन" भन्नाले व्यावसायिक गाईपालन, भैसीपालन, बाख्रापालन, कुखुरापालन, हाँसपालन, माछापालन आदि

सम्झनुपर्छ

(ट) "फलफूल" भन्नाले सुन्तला, कागती लगायत विभिन्न जातका फलपूmललाई सम्झनुपर्छ ।

(ठ) "बाँझो जग्गा" भन्नाले परम्परागत रुपमा खेती भैरहेको तर कम्तिमा विगत २ वर्षदेखि खेती नगरी बाँझो रहेको जग्गालाई सम्झनु पर्छ ।

(ड) "मसलाबाली" भन्नाले अदुवा, बेसार, धनियाँ, अलैंची, खोर्सानी, आदि सम्झनुपर्छ ।

(ढ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम व्यवस्थापन गरिएको गाउँ अनुगमन समिति तथा वडा अनुगमन समिति सम्झनुपर्छ ।

(ण) "व्यावसायिक" भन्नाले परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीलाई आय आर्जनमुखी बनाएर लैजाने कार्य सम्झनु

पर्छ ।

**३. गाउँ अनुगमन समितिः**

(१) कृषियोग्य बाँझो जमिनलाई अधिकतम उपयोग तथा व्यवस्थापनलाई प्रभावकारी ढङ्गले अनुगमन तथा रेखदेख गर्नका लागि उपप्रमुखको संयोजकत्वमा देहाय अनुसारको समिति रहनेछ ।

| | |
|---|---|
| उपाध्यक्ष | संयोजक |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| अध्यक्ष मनोनित महिला कार्यपालिका सदस्य १ जना | सदस्य |
| कृषकहरुमध्येबाट अध्यक्षबाट मनोनित २ जना | सदस्य |
| गाउँपालिकाको ,भूमि व्यवस्थापन शाखाको प्रमुख | सदस्य |
| गाउँपालिकाको, पशुपन्छी शाखाका प्रमुख | सदस्य |
| कृषि विकास शाखाका शाखा प्रमुख | सचिव |

(२) समितिको बैठकमा आवश्यकतानुसार कृषक महासंघ लगायत कृषिसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधि, कृषि विज्ञ तथा अन्य विशेष क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठकका सहभागीहरुलाई बजेटको उपलब्धतालाई ध्यानमा राखेर बैठक भत्ताको व्यवस्था गर्न सकिनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) वडा अनुगमन समितिको प्रतिवेदन तथा सिफारिस अनुसार यस समितिले बाँझो जग्गा व्यवस्थापनका लागि आवश्यक काम कारवाही गर्नेछ ।

(६) यस समितिले बाँझो जग्गा उपयोगसम्बन्धी नीति, रणनीति तथा कार्ययोजना तयार गरी गाउँपालिकामा पठाउनेछ ।

(७) यस कार्यविधि बमोजिमको बाँझो जग्गा कृषि प्रवर्धनका लागि उपयोग नगरी वा जंगल समेत नलगाई प्रयोगविहीन अवस्थामा कुनै जग्गाधनीले राखेमा सम्बन्धित वडा कार्यालयबाट अनुगमन निरीक्षण गराई सोको प्रतिवेदन लिई त्यस्ता जानी जानी बाँझो राख्ने जग्गाधनीलाई सो बाँझो राखिएको जग्गामा प्रचलित आर्थिक ऐन बमोजिम लाग्ने मालपोत/सम्पत्तिकरमा ५० प्रतिशतसम्म थप गरी असूल उपर गर्न गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(८) यस कार्यविधि अनुसार अनुदान पाउने कृषकलाई गाउँपालिका वा अन्य निकायबाट सञ्चालित ऋण सुविधा तथा प्राविधिक सहयोग उपलब्ध गराउनका लागि सिफारिस गर्न सक्नेछ ।

**४. वडा अनुगमन समितिः**

(१) वडामा प्रचलित मापदण्ड बमोजिम कृषियोग्य बाँझो जमिनलाई अधिकतम उपयोग तथा व्यवस्थापनलाई प्रभावकारी ढङ्गले अनुगमन तथा रेखदेख गर्न र तत्सम्बन्धी अभिलेख व्यवस्थापन तथा कृषक परिचालनका लागि वडाध्यक्षको संयोजकत्वमा देहाय अनुसारको समिति रहनेछ ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| वडा सदस्यहरु | सदस्य |
| गाउँपालिका अध्यक्षबाट मनोनित १ जना कृषि प्राविधिक, १ जना पशुपन्छी प्राविधिक | सदस्य |

नौगाड गाउँपालिका बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८३"

सम्बन्धित वडाको वडासचिव ' सचिव

(२) समितिको बैठकमा आवश्यकतानुसार कृषक महासंघ लगायत कृषिसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधि, कृषि विज्ञ तथा अन्य विशेष क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठकका सहभागीहरुलाई बजेटको उपलब्धतालाई ध्यानमा राखेर बैठक भत्ताको व्यवस्था गर्न सकिनेछ ।

(४) यस समितिले कार्यविधि बमोजिम वडा भित्र रहेको बाँझो जग्गाको तथ्याङ्क वडामा अद्यावधिक गरी राख्नेछ र सो अद्यावधिक तथ्याङ्क गाउँपालिकामा समेत पठाउनेछ ।

(५) यस समितिले गाउँको भूउपयोग नीति तथा योजनाको आधारमा बाँझो जग्गा उपयोगसम्बन्धी वडाको लागि आवश्यक नीति, रणनीति तथा कार्ययोजना तयार गरी नगर अनुगमन समितिमा पठाउनेछ ।

(६) यस कार्यविधि बमोजिमको बाँझो जग्गा कृषि प्रवर्धनका लागि उपयोग नगरी वा जंगल समेत नलगाई प्रयोगविहीन अवस्थामा कुनै जग्गाधनीले राखेमा सोको अनुगमन निरीक्षण गराई प्रतिवेदन तयार गरी त्यस्ता जानी जानी बाँझो राख्ने जग्गाधनीलाई सो बाँझो राखिएको जग्गामा प्रचलित आर्थिक ऐन बमोजिम लाग्ने मालपोत÷सम्पत्तिकरमा ५० प्रतिशतसम्म थप गरी असूल उपर गर्न गाउँ अनुगमन समितिमा सिफारिस गर्न सक्नेछ ।

(७) यस कार्यविधि अनुसार अनुदान पाउने कृषकलाई गाउँपालिका वा अन्य निकायबाट सञ्चालित ऋण सुविधा तथा प्राविधिक सहयोग उपलब्ध गराउनका लागि सिफारिस गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

वडा अनुगमन समितिले गाउँ अनुगमन समितिको निर्देशानुसार अन्य कार्यहरु गर्नेछ ।

**५. अनुदान सम्बन्धी व्यवस्थाः**

(१) वडा अनुगमन समितिको सिफारिस बमोजिम बार्षिक बजेट तथा कार्यक्रमका आधारमा गाउँपालिका र सम्बन्धित वडाले देहाय बमोजिम अनुदान तथा क्षमता विकासका लागि सहयोग प्रदान गर्न सक्नेछ ।

(क) नगद अनुदान

(ख) बिउ बिजन, मल तथा विरुवा लगायतका अन्य अनुदान ।

(ग) कृषि उपकरण तथा औजारहरु ।

(घ) ज्ञान, सीप तथा क्षमता विकासका लागि कार्यक्रमहरुको संचालन ।

उपरोक्त अनुदान वितरणमा व्यवसायिक कृषि फर्म, कृषक समूह तथा कृषक सहकारीलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिमको अनुदान सुविधा प्राप्तिका लागि गाउँपालिका वा वडाबाट सूचना प्रकाशन भएको १५ दिन भित्र इच्छुक कृषकहरुले जग्गा रहेको वडा कार्यालयमा आवश्यक प्रमाण कागजातसहित आवेदन गरी वडा अनुगमन समितिबाट अनुगमन गराई प्रक्रिया अगाडि बढाउनु पर्नेछ, नेपाल सरकार तथा प्रादेशिक सरकारको सम्बन्धित निकाय र गाउँपालिकामा फायल पठाउने दायित्व वडा कार्यालयको हुनेछ ।

(३) आवेदन फारामसाथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बाँझो रहेको जग्गाको धनीपूर्जाको प्रतिलिपि, हालसालै तिरो तिरेको तिरो रसिद, लिज÷भाडामा लिएको भए संझौता पत्र, जग्गा बाँझो रहेको भन्ने वडा कार्यालयको सिफारिस पत्र, बाँझो जग्गालाई उपयोगमा ल्याउनका लागि तयार गरिएको व्यावसायिक कार्य योजना समेत फायलमा संलग्न गरी आवेदन दर्ता भएको १० दिन भित्रमा वडा कार्यालयले सिफारिससाथ गाउँपालिकाको कृषि शाखामा पठाउनु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको अनुदान सुविधा प्राप्तिका लागि कृषि शाखामा प्राप्त फायलहरु चेक लिस्ट बनाई कार्यविधिमा उल्लिखित कागजातहरु भए नभएको, कृषि बीमा वा पशु बीमामा लाग्ने अनुमानित खर्च, मजदुरको बीमा खर्च लगायत आवश्यकता र औचित्यताका दृष्टिले समेत परीक्षण गरी कृषि शाखाको सिफारिससहित फायल अगाडि बढाउनेछ ।

(५) यस कार्यविधि बमोजिम कृषि शाखाको सिफारिससहित प्राप्त आवेदन फायलहरुलाई गाउँ अनुगमन समितिले आवश्यक निर्णय गरी अनुदान वितरण प्रक्रियाका लागि आर्थिक प्रशासन शाखामा १५ दिन भित्रमा पठाउनेछ र आर्थिक प्रशासन शाखाले प्रमुख प्रशासकीय अधिकृतको निर्देशानुसार ७ दिन भित्रमा पहिलो किस्ता सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरी सक्नु पर्नेछ । दोस्रो, तेस्रो, चौथो लगायतका किस्ता भुक्तानी कार्य वडा अनुगमन समितिको निर्णयानुसार सम्बन्धित कृषकको बैंक खातामा जम्मा हुनेछ ।

(६) यस कार्यविधि बमोजिम अनुदान लिएका कृषकले जुन प्रयोजनका लागि लिएको हो, सो कार्य पूरा गर्नु पर्नेछ । यदि तोकिएको कार्यमा खर्च नभएको पाइएमा कार्यपालिकाको निर्णयानुसार जरिवाना, सेवा सुविधा रोक्का, जग्गा रोक्का, बैंक खाता रोक्का लगायतको कारवाही हुनेछ ।

**६. विविधः**

(१) यस कार्यविधि बमोजिम बाँझो जग्गाको व्यवस्थापनका लागि भूउपयोग योजना तथा खाद्य सुरक्षा योजना, एक गाउँ एक उत्पादन कार्यक्रम, नगर सभाको वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई दृष्टिगत गरी गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाले आवश्यक आवेदन फाराम तथा फरमेटहरु तयार गरी सहजीकरण गर्नेछ ।

(२) यस कार्यविधि बमोजिम बाँझो जग्गाको व्यवस्थापनका लागि गाउँपालिकाबाट प्रचलित मापदण्डबमोजिम अभिमुखीकरण कार्यक्रम, सिपमूलक तालिम, अध्ययन अवलोकन भ्रमण, पुनर्ताजगी तालिम, कृषि बीमा, प्राविधिक सहयोग, अनुदान तथा ऋण सुविधाको लागि अतिरिक्त व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

(३) यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै द्विविधा उत्पन्न भएमा सोको निरुपण कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(४) यस कार्यविधिमा कार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

(५) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यकतानुसार मापदण्ड तयार गरी लागू गर्न

सक्नेछ ।

(६) संघीय तथा प्रदेश कानुनसँग यस कार्यविधिका दफाहरु बाँझिन गएमा बाँझिएको हदसम्म यो कार्यविधि स्वतः निष्कृय रहनेछ ।

आज्ञाले,

पुष्कर सिह धामी

प्रमुख प्रशासकीय अधिकृत